रोजगार सेवाको गठन, रोजगार सेवा केन्द्रको सुदृढीकरण र
कर्मचारीहरूको सेवाको सुरक्षा एवम् वृत्ति विकास

रोजगार सेवा सम्बन्धी अवधारणा पत्र

रोजगार सेवा केन्द्र कर्मचारी हकहित मञ्च
काठमाडौं, नेपाल

केन्द्रीय तदर्थ समिति विवरण



संदीप कुमार साह
संयोजक
९८५११८८२१०



ऋद्धिरमण घिमिरे
सहसंयोजक
९८४१६३०२३६



सुमन ज्ञवाली
महासचिव
९८६७०४५००३



खिमा कुमारी सुवेदी "सरू"
सचिव
९८४१९६३८६७



नरमाया सुवेदी "माया"
कोषाध्यक्ष
९८४७२६४०९५



सरोज कुमार खाती "सरोवर"
सदस्य/प्रवक्ता
९८५१२१९३३७



केशव दत्त पन्त
सदस्य
९८४९९३५०५५



विष्णु प्रसाद दाहाल "आभाष"
सदस्य
९८५६००१००२



टिकाराम पाण्डे "दिपक"
सदस्य/कोशी प्रदेश इन्चार्ज
९८५११९०४०९



ललित कुमार यादव
सदस्य/मधेश प्रदेश इन्चार्ज
९८०१६३७२७२



हंसराज न्यौपाने
सदस्य
९८५११६६४९५



पुष्कर बहादुर सिंह
सदस्य
९८४९६३३८०२



राम कुमार डाँगी
सदस्य
९८४३५७०९०९



नन्दराज गुरुङ्ग
सदस्य
९८५११६३३५३

पदेन सदस्यहरू



तारा प्रसाद गुँरागाई
संयोजक, कोशी प्रदेश
९८५१०८५४१७



राम अधार प्रसाद यादव
संयोजक, मधेश प्रदेश
९८४५०९५२०६



रामचन्द्र खड्का
संयोजक, बागमती प्रदेश
९८५५०७०३५९



गीता अर्याल
संयोजक, गण्डकी प्रदेश
९८४१७७५३९२



ईश्वरी ज्ञवाली
संयोजक, लुम्बिनी प्रदेश
९८४७०५८३०५



प्रकाश पौडेल
संयोजक, कर्णाली प्रदेश
९८५८०५४४३३



सुशिला देउवा
संयोजक, सुदूरपश्चिम प्रदेश
९८६८४३१०६१

रोजगार सेवाको गठन, रोजगार सेवा केन्द्रको सुदृढीकरण र कर्मचारीहरूको सेवाको सुरक्षा एवम् वृत्ति विकास

रोजगार सेवा सम्बन्धी अवधारणा पत्र



रोजगार सेवा केन्द्र कर्मचारी हकहित मञ्च
काठमाडौं, नेपाल

रोजगार सेवा सम्बन्धी अवधारणा पत्र

सोच/अवधारणाः संदीप कुमार साह (संयोजक)
ऋद्धिरमण घिमिरे (सहसंयोजक)
राम अधार प्रसाद यादब (प्रदेश संयोजक, मधेश प्रदेश)

पृष्ठपोषणः रोजगार सेवा केन्द्र कर्मचारी हकहित मञ्चका सम्पूर्ण सदस्य

डिजाइन/ले-आउटः सरोज कुमार खाती "सरोवर" (प्रवक्ता)

प्रथम संस्करणः वि.सं. २०८०

सर्वाधिकारः रोजगार सेवा केन्द्र कर्मचारी हकहित मञ्च
काठमाडौं, नेपाल
इमेलः escerfnepal@gmail.com
सम्पर्क नं.- ९८५११८८२१०, ९८४१६३०२३६
९८६७०४५००३

मुद्रणः लुना क्रियशन प्रा. लि.
बागबजार, काठमाडौँ, सम्पर्कः ९८५११४३६१८
इमेलः info.lunacreation@gmail.com

रोजगार सेवा केन्द्र कर्मचारी हकहित मञ्च
केन्द्रीय तदर्थ समिति
काठमाडौं, नेपाल

हाम्रो अनुरोध

नेपालको संविधानको मौलिक हकका रूपमा रहेको रोजगारीको हक एवम् श्रमको हकलाई कार्यान्वयन गर्न निर्मित रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० (१) बमोजिम प्रत्येक स्थानीय तह मातहत रहने गरी रोजगार सेवा केन्द्रको स्थापना भएको छ । रोजगार सेवा केन्द्रको संस्थागत विकास, सुदृढीकरण एवम् दायरा वृद्धि, विशिष्ट सेवाको रूपमा रोजगार सेवाको गठन, श्रम बजार व्यवस्थापन सूचना प्रणालीको विकास र सेवा केन्द्रका कर्मचारीहरूको व्यवस्थापन, सेवाको सुरक्षा एवम् वृत्ति विकासका लागि सेवा केन्द्रमा कार्यरत कर्मचारीहरूद्वारा रोजगार सेवा केन्द्र कर्मचारी हकहित मञ्च गठन गरिएको छ ।

मुलुकमा व्याप्त बेरोजगारीको समस्यालाई न्यूनीकरण गर्न रोजगार सेवालाई सहज, पहुँचयोग्य, प्रभावकारी र प्रविधिमैत्री बनाउँदै श्रम सुशासन कायम गर्नु अनिर्वाय र पहिलो शर्तका रुपमा रहेको मञ्चको धारणा रहेको छ । जसका लागि स्वदेशमा नै रोजगारीका अवसरहरू सिर्जना एवम् वृद्धि गर्नु, उद्यमशीलता विकास एवम् प्रवर्धन गरी स्वरोजगार बन्ने वातावरण निर्माण गर्दै आर्थिक विकासमा समेत योगदान गर्न सक्ने गरी नेपालमा रोजगार सेवालाई व्यवस्थित गर्नु अपरिहार्य रहेको देखिन्छ । मुलुकमा श्रम सम्बन्ध र श्रम सुशासन कायम गरी रोजगार सेवालाई व्यवस्थित गर्न तिनै तहका सरकारी सेवामा विशिष्ट सेवाका रूपमा रोजगार सेवालाई समावेश गर्न गराउन सरकार, राजनीतिक दल, नागरिक समाज एवम् सम्बद्ध सम्पूर्ण पक्ष र सरोकारवालाहरूलाई मञ्च हार्दिक अनुरोध गर्दछ ।

अन्त्यमा, मञ्च रोजगार सेवा केन्द्रमा कार्यरत सम्पूर्ण कर्मचारीको सेवाको सुरक्षा माग गर्दै उत्पादनशील रोजगारीको सिर्जना र मर्यादित कामका लागि सक्रिय सरकारी, गैरसरकारी, विकास साझेदार संस्था, निजी क्षेत्रहरूसँग समन्वय र सहकार्य गरी रोजगारी सिर्जनामा सदैव तत्पर रहने प्रतिबद्धता व्यक्त गर्दछ । साथै श्रमिकहरूको हक अधिकारका लागि स्थापित विभिन्न ट्रेड युनियनहरूसँग हातेमालो गरी श्रमिकहरूको हक अधिकार प्राप्तिका लागि समेत अग्रणी भूमिका निर्वाह गर्ने वाचा गर्दछ ।

सुमन ज्ञवाली	ऋद्धिरमण घिमिरे	संदीप कुमार साह
महासचिव	सहसंयोजक	संयोजक

मिति: २०८०/०९/२२

Email: escerfnepal@gmail.com, Contact No.: 9851188210, 9841630236, 9857077275, 9857078915

विषयसूची

१.	पृष्ठभूमि	१
२.	रोजगार सेवाको परिचय	२
३.	रोजगार सेवाको कानूनी आधार	३
४.	रोजगार सेवा किन	४
५.	रोजगार सेवाका उपलब्धीहरू	५
६.	रोजगार सेवाको सकारात्मक प्रभाव	५
७.	रोजगार सेवाका चुनौतीहरू	५
८.	रोजगार सेवा गठनको व्यवस्था	६
९.	रोजगार सेवा गठनको सम्भावना	६
१०.	रोजगार सेवा केन्द्रको स्थापना	७
११.	रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार	७
१२.	रोजगार सेवा केन्द्रको कार्य विवरणमा हुनुपर्ने सुधारका विषय	८
१३.	रोजगार संयोजक र अन्य सहायक कर्मचारी सम्बन्धी व्यवस्था	९
१४.	रोजगार सेवा केन्द्र कर्मचारी हकहित मञ्चको परिचय	९
१५.	रोजगार सेवाको गठन र व्यवस्थापनमा मञ्चको भनाइ	११
१६.	निष्कर्ष	११

१. पृष्ठभूमि

नेपालको सङ्घीय संरचना तीन तहको रहेको छ । तीनै तहका सरकारहरूलाई श्रम तथा रोजगारी सम्बन्धी संवैधानिक अधिकार प्राप्त छ । सबै तहका सरकारहरूले बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार प्रदान गर्न आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था रहेको छ । तीनै तहका सरकारहरूले आफ्नो क्षेत्रभित्र रोजगारीका सम्भावित अवसरहरूको पहिचान गरी रोजगारीको मागको प्रक्षेपण र आपूर्तिको अनुमान गरी माग र आपूर्तिबिच सन्तुलन कायम गर्न तथा रोजगारीका थप अवसरहरूको सिर्जना गर्न जरुरी रहेको छ । श्रम तथा रोजगारी अन्तरसम्बन्धित भएकोले मुलुकको समग्र आर्थिक अवस्था, रोजगारीका क्षेत्रमा हुने विकास, काम र श्रमिक प्रतिको हेर्ने दृष्टिकोणले पनि यस क्षेत्रलाई प्रभाव पार्ने गरेको देखिन्छ । देशमा उपलब्ध आन्तरिक रोजगारीका अवसरहरूमा बेरोजगार व्यक्तिहरूलाई आकर्षित गर्न कामप्रतिको सम्मान र कार्य गर्ने मर्यादित वातावरण सिर्जना गर्न सकिएमा नेपालकै श्रम बजारमा नेपाली बेरोजगार व्यक्तिहरूलाई नै संलग्न हुने अवस्था रहन्छ । अनि मात्र देशको सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपान्तरणमा महत्त्वपूर्ण योगदान गर्न सक्ने देखिन्छ ।

नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप श्रमशक्ति श्रम बजारमा प्रवेश गर्ने गर्दछन् । नयाँ श्रमशक्तिका लागि पर्याप्त रोजगारीका अवसर सिर्जना हुन नसकेका कारण श्रमको माग र आपूर्तिबिच ठूलो अन्तर रहेको देखिन्छ । नेपालको आन्तरिक श्रम बजारको प्रशोचन क्षमता न्यून रहेको छ । श्रम बजारमा प्रवेश गर्ने व्यक्तिको सङ्ख्याभन्दा कमै मात्रामा रोजगारी सिर्जना हुने गरेको अवस्था छ । परिणामस्वरूप अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जान बाध्य हुने गरेका छन् । नेपालमा जातजातिका आधारमा कामको बाँडफाँड गरिएको हुनाले उपलब्ध आन्तरिक रोजगारीका कतिपय अवसरहरूमा सामाजिक प्रतिष्ठाका कारण युवाहरूलाई आकर्षण गर्न नसकेको अवस्था छ । देशमा आन्तरिक रोजगारीका अवसरलाई व्यवस्थापन गर्न नसक्दा दैनिक करिब १,५०० ब्यक्ति वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ । औसतमा ६० प्रतिशत भन्दा बढी घरधुरीबाट कोही न कोही ब्यक्ति वैदेशिक रोजगारीमा रहेको देखिन्छ । नेपालको आन्तरिक श्रम बजारमा श्रमिकको माग आपूर्ति गर्न आवश्यक पर्ने श्रमिकको सङ्ख्या, ज्ञान, सीप, योग्यता र अनुभवको आधारमा सीपमूलक श्रमशक्तिको विकास गर्न तीनै तहका सरकारको भूमिका महत्त्वपूर्ण हुने देखिन्छ । युवा श्रमशक्तिलाई आन्तरिक रोजगारीमा परिचालन गरेको अवस्थामा मात्र देशले दीर्घकालीन रूपमा अधिकतम लाभ लिने अवस्था रहन्छ ।

वर्ल्ड डेभलपमेन्ट रिपोर्ट, २०१३ का अनुसार विकासमा रोजगारीको महत्त्वपूर्ण योगदान रहन्छ । रोजगारी आर्थिक र सामाजिक विकास हासिल गर्ने साधन हो । विश्व बैंकले विकासमा रोजगारीको भूमिका सम्बन्धी तीन वटा दृष्टिकोणलाई अगाडि सारेको देखिन्छ । पहिलो रोजगारीले आयको अवसर प्रदान गर्दछ र जीवनस्तरमा सुधार ल्याउँछ, दोस्रो रोजगारीले उत्पादकत्व बढाउँछ र आर्थिक वृद्धिमा सघाउँछ, तेस्रो रोजगारी आत्म-सम्मान र सामाजिक पहिचानको आधारभूत स्रोत हो, जसले सामाजिक एकतामा योगदान पुऱ्याउँछ ।

रोजगारी बहुआयामिक र अन्तरसम्बन्धित विषय हो । रोजगारीको आफ्नो कुनै विशेष क्षेत्र हुँदैन । यो विभिन्न क्षेत्रहरूमा सिर्जना हुने हो । रोजगारी सिर्जना कुनै एक तह, क्षेत्र वा कार्यक्रमबाट हुने पनि होईन । यसका लागि त सबै तह, क्षेत्र र कार्यक्रम बिच समन्वय र सहकार्य हुनु आवश्यक छ । रोजगारी आर्थिक वृद्धिको प्रमुख चालक पनि हो । आर्थिक वृद्धिले उत्पादकत्व बढाउन र जीवनस्तर सुधार गर्न मदत गर्छ । आर्थिक वृद्धिले रोजगारीका अवसरहरू सिर्जना गर्दछ र श्रम बजारमा श्रमिकको माग बढ्छ । फलस्वरूप रोजगारीमा भएको वृद्धिले उच्च आर्थिक वृद्धि हासिल गर्न महत्त्वपूर्ण सहयोग गर्छ । रोजगारीले गरिबीको दर घटबढमा प्रत्यक्ष भूमिका खेलिरहेको हुन्छ । गरिबी बढदा रोजगारी घट्छ र बेरोजगारी बढ्छ, रोजगारी बढ्दा गरिबी घट्छ र यसले बेरोजगारी घटाउन मद्दत गर्छ ।

गरिबी न्यूनीकरण गर्ने सबैभन्दा उपयुक्त र प्रभावकारी उपाय नै उत्पादनशील रोजगारी हो । यदि रोजगारी बढ्यो भने आम्दानी पनि बढ्छ । आम्दानी बढ्यो भने मानिसहरूलाई आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्न सहज हुन्छ र तिनीहरूको गरिबीको अवस्थामा सुधार आउँछ । रोजगारीले गरिबी तथा बेरोजगारी दर बिचको संतुलन कायम गरेको हुन्छ । त्यसैले दिगो आर्थिक वृद्धि तथा विकास एवम् गरिबी तथा बेरोजगारी न्यूनीकरणको मुख्य आधार नै उत्पादनशील रोजगारी रहेको छ । उत्पादनशील रोजगारीले मानिसको आयआर्जन क्षमतालाई बढाउँछ र यसले बेरोजगारी तथा न्यून रोजगारलाई कम गर्दछ । त्यसैले गरिबी न्यूनीकरण र दिगो आर्थिक तथा सामाजिक विकासका लागि उत्पादनमूलक रोजगारीका अवसरहरूको सिर्जना गर्नु आवश्यक छ ।

विश्व श्रम बजारमा कृत्रिम बौद्धिकताको बढ्दो प्रयोगले श्रम बजारमा एकातिर श्रमिकहरूले आफूलाई प्रविधिमैत्री बनाउनु पर्ने अवस्था छ भने अर्कोतिर कतिपय श्रमशक्ति विस्थापित हुने अवस्थामा छ । यसको असर पनि वैदेशिक रोजगारीमा रहेको नेपाली श्रमशक्तिहरू माथि पर्ने सम्भावना पनि देखिदैछ । वैदेशिक रोजगारीमा जाने अधिकांश श्रमशक्ति अदक्ष रहेको र तिनीहरूसँग रोजगारीमा कायम रहि रहने क्षमताको अभावमा रोजगारी गुमाउने खतरा पनि हामी सामु विद्यमान छ । The Future of job Survey, 2020 का अनुसार सन् २०२५ सम्म १५ प्रतिशत कम्पनीको कार्यबल अवरोधको जोखिममा रहेको छ भने ६ प्रतिशत कामदारहरू (रोजगारी) पूर्ण रूपमा विस्थापित हुने अनुमान गरिएको छ । विभिन्न अध्ययन प्रतिवेदन अनुसार विश्व श्रम बजारमा रोजगारीमा निम्न जोखिमका सम्भावित क्षेत्रहरू औंल्याएको छ । त्यसैले बेरोजगार व्यक्ति एवम् रोजगारीको खोजीमा रहेका व्यक्तिहरूलाई सीपयुक्त, क्षमतावान् र प्रतिस्पर्धी दक्ष जनशक्तिको रूपमा तयार गरी श्रम बजार प्रवेश गर्ने वातावरण तयार गर्न पनि उत्तिकै आवश्यक देखिन्छ ।

२. रोजगार सेवाको परिचय

रोजगार सेवा भन्नाले कुनै सरकारी निकाय वा निजी संस्थाद्वारा बेरोजगार व्यक्तिहरूलाई रोजगारीको अवसर प्राप्त गर्न वा रोजगारीमा सहज पहुँच स्थापित गर्न गराउन प्रदान गरिने आवश्यक सेवा सुविधा वा क्रियाकलापलाई बुझाउँछ । यसको माध्यमद्वारा काम वा

रोजगारी खोज्ने व्यक्ति र रोजगारदाताबिच मध्यस्थता गर्ने काम गर्दछ । यसको मुख्य उद्देश्य बेरोजगार व्यक्ति वा रोजगारी खोज्ने व्यक्तिको योग्यता, रूचि, सीप र अनुभवको आधारमा उपयुक्त रोजगारीमा पदस्थापन गर्ने कार्य गर्नु हो । रोजगार सेवाले रोजगारीको अवसर प्रदान गर्नुको साथसाथै आर्थिक रूपमा स्वावलम्बी बनाउन समेत मदत गर्ने कार्य गर्दछ । साथै श्रम तथा रोजगारी (वैदेशिक रोजगारी समेत) सम्बन्धी विभिन्न समस्याहरूको समाधान गर्ने कार्य समेत गर्छ । रोजगार सेवा सञ्चालन गर्न सार्वजनिक र निजी रोजगारदाताहरू बिच समन्वय र सहकार्य गर्न आवश्यक रहेको हुन्छ । रोजगार सेवाको माध्यमद्वारा बेरोजगार व्यक्ति वा रोजगारीको खोजीमा रहेको व्यक्तिहरूलाई आवश्यक परामर्श तथा रेफरल सेवा, सीप तथा क्षमता विकास, वृति विकास सहजीकरण सेवा, बेरोजगार सहायता कार्यक्रम, रोजगार विनिमय सेवा, श्रम सुशासन, श्रम बजार सम्बन्धी सूचना तथा जानकारी, रोजगारी सिर्जना एवम् प्रवर्द्धन, उद्यमशीलता विकास लगायत श्रम तथा रोजगार सम्बन्धी अन्य रोजगारीका सेवाहरू प्रदान गरी बेरोजगार व्यक्तिहरूलाई रोजगारी प्राप्त गर्न आवश्यक सहयोग र सहजीकरण गर्ने कार्य गर्नु अपरिहार्य रहेको छ ।

३. रोजगार सेवाको कानूनी आधार

नेपालको संविधानको धारा ३३ मा रोजगारीको हक, धारा ३४ मा श्रम सम्बन्धी हक र राज्यका निर्देशक सिद्धान्त तथा नीति अन्तर्गत धारा ५१ (झ) मा श्रम तथा रोजगार सम्बन्धी नीतिको व्यवस्था गरिएको छ । जस अन्तर्गत सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, श्रमिक र उद्यमी व्यवसायी बिच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति अंगिकार गरिने प्रावधान छ । संविधानको अनुसूची-७ को बुँदा नं. ११ मा सामाजिक सुरक्षा र रोजगारी, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी कार्य, बुँदा नं. २१ मा गरिबी निवारण औद्योगीकरण, बुँदा नं. २५ मा रोजगारी र बेरोजगार सहायता सम्बन्धी सङ्घ र प्रदेशको साझा अधिकार, अनुसूची-८ को बुँदा नं. १७ मा बेरोजगार व्यक्तिको तथ्याङ्क सङ्कलन सम्बन्धी स्थानीय तहको एकल अधिकार र अनुसूची-९ को बुँदा नं. १० सामाजिक सुरक्षा र गरिबी निवारण सम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको संवैधानिक व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (थ) ५ मा रोजगार सूचना केन्द्रको व्यवस्था गरिएको छ । रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० अनुसार मिति २०७५/८/२४ गते नेपाल राजपत्रमा प्रत्येक स्थानीय तह मातहत रही कार्य गर्ने रोजगार सेवा केन्द्रको स्थापना भई न्यूनतम रोजगारी लगायत रोजगार सेवा सम्बन्धी अन्य विभिन्न गतिविधि तथा क्रियाकलापहरू सञ्चालन हुदै आएको छ ।

४. रोजगार सेवा किन

- श्रम तथा रोजगारी सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्न;
- न्यूनतम रोजगारीको अधिकार सुनिश्चित गर्न;
- रोजगारीका सम्भावना तथा अवसरहरूको पहिचान गर्न;
- आन्तरिक तथा वैदेशिक रोजगारीका अवसरहरूको जानकारी प्रदान गर्न;
- उत्पादनशील रोजगारी सिर्जना गर्न;
- श्रम बजारलाई व्यवस्थित, सहज र पहुँचयोग्य बनाउन;
- श्रम बजार सम्बन्धी सही सूचना र जानकारी प्रदान गर्न;
- श्रम बजारको माग बमोजिम श्रमशक्तिको विकास र आपूर्ति गर्न;
- बेरोजगार व्यक्तिको तथ्याङ्क सङ्कलन गर्न;
- रोजगार खोजी गर्ने र रोजगारीमा पदस्थापन गर्न सहयोग पुर्‍याउन;
- वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन;
- रोजगार सेवा सहायता सञ्चालन गर्न;
- श्रम शोषणको अन्त्य गरी असल श्रम सम्बन्ध स्थापित गर्न;
- रोजगारदाताहरूको प्रोफाईल तयार गर्न;
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई पुनःएकीकरण गर्न;
- स्वरोजगारका अवसर एवम् सहुलियतपूर्ण कर्जाका प्रावधान सम्बन्धि जानकारी उपलब्ध गराउन;
- श्रम प्रशासनलाई चुस्त दुरुस्त बनाई श्रम सुशासन कायम गर्न;
- श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्न;
- वैदेशिक रोजगारीमा हुने ठगीलाई नियन्त्रण गर्न;
- रोजगारी सम्बन्धी परामर्श तथा रेफरल सेवा सञ्चालन गर्न;
- रोजगारीका क्षेत्रहरू तथा रोजगारमूलक सेवाहरूको नांक्सांकन गर्न;
- रोजगार विनिमय सेवा सञ्चालन गर्न;
- सीप विकास तालिम (स्किलिङ, अपस्किलिङ र रिस्किलिङ) सञ्चालन गर्न;
- वृत्ति विकास सहयोग पद्धति (Career Development Support System) को विकास गर्न;
- रोजगारीको क्षेत्रमा रहेका समस्याहरूको समाधान गरी रोजगारी सिर्जनाका नवीनतम् उपाय एवम् विधिहरूको विकास गर्न;
- वैदेशिक रोजगारीबाट प्राप्त पूँजी, सीप, ज्ञान, प्रविधि र अनुभवलाई उत्पादनमूलक क्षेत्रमा लगाउन उद्यमशीलताको विकास तथा प्रवर्द्धन गर्न;
- श्रम बजारमा विपन्न वर्गको सहज पहुँच स्थापना गर्न;
- श्रम बजारको माग र आपूर्ति बिच सन्तुलन कायम गर्न;
- श्रमप्रति सम्मान गर्ने संस्कृतिको विकास गर्न।

५. रोजगार सेवाका उपलब्धीहरू

- उत्पादनशील रोजगारी र मर्यादित काममा वृद्धि हुनेछ।
- मानव पुँजीको विकास हुनेछ।
- गरिबी र बेरोजगारीमा कमी आउनेछ।
- श्रम बजारमा सहज पहुँच कायम हुनेछ।
- बेरोजगार व्यक्तिको रोजगारयोग्य क्षमतामा बढोत्तरी हुनेछ।
- रोजगारीमा कायम रहने क्षमतामा विकास हुनेछ।
- लघु तथा साना उद्यमको विकास भई स्वरोजगारी एवम् रोजगारीमा वृद्धि हुनेछ।
- स्थानीय उत्पादनमा वृद्धि भई आर्थिक विकासमा सहयोग पुग्नेछ।

६. रोजगार सेवाको सकारात्मक प्रभाव

रोजगार सेवा मानव समृद्धि, सामाजिक र आर्थिक विकासका लागि अत्यन्त महत्त्वपूर्ण छ। यसले व्यक्तिलाई आर्थिक रूपमा सशक्त बनाउँछ र समाजको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ। यसले व्यक्तिहरूलाई रोजगारी प्राप्त गर्न, उनीहरूको प्रतिभा विकास गर्न, आर्थिक रूपमा स्वावलम्बन गर्न र उनीहरूको जीवनामा उत्कृष्टता ल्याउने सुअवसर प्रदान गर्ने कार्य गर्दछ। यसले समाजमा अन्याय, भेदभाव र गरिबीको न्यूनीकरणमा महत्त्वपूर्ण योगदान प्रदान गर्दछ। रोजगार सेवाले व्यक्तिलाई गरिबीको दुष्चक्रमा पर्नबाट बचाउँछ। यसले राष्ट्रिय अर्थतन्त्रमा पनि सकारात्मक प्रभाव पार्दछ।

रोजगार सेवा एउटा विशिष्ट प्रकृतिको सेवा हो। जसले रोजगारी खोज्ने काममा बाधा व्यवधानहरूको सामना गर्नेहरूका लागि उपयुक्त समाधानको उपाय पहिल्याउन मद्दत गर्ने गर्दछ। रोजगार सेवाले रोजगारी वा काम खोज्नेहरूलाई रोजगारीका अवसरहरूमा पदस्थापन गर्न सहयोग गर्नुको साथै सक्रिय, व्यवस्थित, प्रभावकारी, समावेशी र स्वचालित श्रम बजारको निर्माण गर्ने तथा बेरोजगार व्यक्तिको उत्पादकत्व क्षमता बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेल्दछ। रोजगार सेवाले सामाजिक र आर्थिक परिणामहरूको लागि उत्प्रेरकको भूमिका निवार्ह गर्दछ। यसको साथै समावेशी अर्थतन्त्रको निर्माण गरी रोजगारी खोज्ने हरेक व्यक्तिलाई उपयुक्त रोजगार पाउन एउटा आधार तयार गर्न सघाउँछ। यसको माध्यमबाट रोजगारदाताहरूले सक्रिय श्रम बजारबाट अधिक लाभ लिन सक्छन्। जसको परिणामस्वरुप रोजगारी खोज्ने व्यक्तिहरूको श्रम बजारमा सहज पहुँच कायम गर्न विभिन्न सेवा सहायता लगायत प्रशिक्षणहरू प्राप्त गर्न सहयोग पुग्नेछ।

७. रोजगार सेवाका चुनौतीहरू

- आवश्यकता अनुसारको समूह उपसमूहको गठन गर्नु,
- रोजगार सेवाका कर्मचारीको छनौट गर्नु
- आवश्यक योग्यता निर्धारण गर्नु,
- योग्यता अनुसारका जनशक्तिको उपलब्धता यकिन गर्नु,
- रोजगार सेवाका कर्मचारीको पदसोपान तयार गर्नु।

८. रोजगार सेवा गठनको व्यवस्था

रोजगार सेवालाई सरकारी सेवा अन्तर्गत एक विशेष सीप एवम् योग्यता भएको सेवाको रूपमा स्थापित गर्नु पर्दछ । यसका लागि सङ्घमा निजामती सेवामा रहने सेवा/समूह/उपसमूह अन्तर्गत एक छुट्टै "रोजगार सेवा" भनी व्यवस्था गर्नुपर्छ । यस्तो रोजगार सेवा अन्तर्गत रोजगार समूह, व्यवसायिक एवम् उद्यम विकास समूह, गरिबी निवारण जस्ता समूह र आवश्यकता अनुसार उपसमूहहरू हुनुपर्दछ । रोजगार सेवामा रोजगार संयोजक, रोजगार सहायक, उद्यम विकास सहजकर्ता, व्यवसाय प्रवर्द्धन अधिकृत, प्रशिक्षक, रोजगार विज्ञ, आर्थिक विश्लेषक, बजार व्यवस्थापन अधिकृत, श्रम सम्बन्ध अधिकृत/सहजकर्ता, लगानी विश्लेषक जस्ता पदनामहरू रहनुपर्दछ । यस्तो सेवामा काम गर्नका लागि खास योग्यता निर्धारण गरी सेवा प्रवेशका लागि पाठ्यक्रम निर्धारण गर्दा सामाजिक शास्त्र, अर्थशास्त्र, मूल्य श्रृङ्खला विश्लेषण, रोजगार सम्बन्ध, बजार व्यवस्थापन, श्रम सम्बन्ध, स्थानीय आर्थिक क्रियाकलाप, आर्थिक विकास, सामाजिक विकास, सामाजिकसम्बन्ध, लगानी व्यवस्थापन, पूँजी निर्माण, पूँजी परिचालन जस्ता रोजगारीसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषयहरूलाई बढी भार दिई निर्धारण गर्नुपर्दछ । प्रदेश निजामती सेवा र स्थानीय सेवामा समेत सोही अनुसार रोजगार सेवाको प्रावधान र कर्मचारी परिचालन सम्बन्धी कानूनमा नै राखी रोजगार प्रवर्द्धनको कामलाई प्राथमिकता दिनुपर्छ । कामको प्रकृति, लगानी सम्भावनाको अवस्था र प्रवर्द्धनको आवश्यकतामा आधारित भई यस क्षेत्रमा परियोजनाहरू निर्माण गर्नुपर्छ । त्यस्तो परियोजनामा समेत "रोजगार सेवा" को मर्म अनुसारकै पदनाम र कार्यविवरण दिई रोजगार विज्ञ तथा सल्लाहकारको व्यवस्थापन गर्दै जानु पर्दछ ।

९. रोजगार सेवा गठनको सम्भावना

नेपालकै सन्दर्भमा हेर्ने हो भने समयको माग, प्रविधिमा आएको परिवर्तन र सरकारका नीति कार्यक्रम कार्यान्वयनको आवश्यकताले विगतमा राजश्व समूह, लेखापरीक्षण सेवा, परराष्ट्र सेवा, संसद सेवा, आर्थिक योजना तथा तथ्याङ्क सेवा, रेल्वे समूह, न्याय समूह, कानून समूह, आदिको रूपमा नयाँ नयाँ सेवा/समूह/उपसमूहहरूको व्यवस्था थप हुदै आएको छ । यसै गरी प्रस्तावित सङ्घीय निजामती सेवा ऐनमा हाल "सूचना प्रविधि सेवा" भनी छुट्टै सेवा गठनको लागि करिब करिब तयारी अन्तिम चरणमा पुगेको अवस्था छ । विकास साझेदारका कार्यक्रमहरूमा रोजगार विज्ञ, रोजगार अधिकृत र सहजकर्ता, व्यवसाय प्रवर्द्धन विज्ञ, वजार व्यवस्थाप विज्ञ आदिको रूपमा यो सेवालाई आत्मसात गरीरहेको देखिन्छ । अन्तराष्ट्रिय अभ्यास पनि यस्तै यस्तै छन् । व्यवहारिक अध्ययनलाई महत्त्व दिने विकसित मुलुकका विश्वविद्यालयहरूमा यस सम्बन्धमा डिग्री प्रदान गर्ने गरी अध्ययन अध्यापन गराइन्छ । यी इतिहासका विषय एवम् अभ्यासहरू समेतले पुष्टि गर्छ कि वर्तमानमा नेपालको पहिलो आवश्यकता रोजगारी हो । यसलाई सम्बोधन गर्न खास प्राथमिकताका साथ प्रतिबद्ध सेवा प्रदान गर्न आवश्यक भईसकेकोले छुट्टै "रोजगार सेवा" गठनको आवश्यकता मात्र होइन अनिवार्यताको पुष्टि भइसकेको छ ।

१०. रोजगार सेवा केन्द्रको स्थापना

नेपालको संविधानमा मौलिक हकको रूपमा रहेको रोजगारीको हक कार्यान्वयन गर्न निर्मित रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० (१) बमोजिम प्रत्येक स्थानीय तह मातहत रही कार्य गर्ने गरी आजभन्दा पाँच वर्ष अगाडि मिति २०७५ मङ्सिर २४ मा नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार रोजगार सेवा केन्द्रको स्थापना गरिएको थियो । रोजगार सेवा प्रवाह गर्ने पहिलो बिन्दुको रूपमा स्थापित रोजगार सेवा केन्द्रले आफ्नो स्थापनाकाल देखि नै न्यूनतम रोजगारीका कार्यक्रम सञ्चालन गर्दै आएको छ । साथै केन्द्रले वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको व्यक्तिगत पुनः श्रम स्वीकृति, सुरक्षित आप्रवासन, पुनः एकीकरण लगायत वैदेशिक रोजगारीका क्रममा घाइते, अङ्गभङ्ग र मृत्यु भएका व्यक्ति वा निजका घरपरिवारहरूलाई क्षतिपूर्ति सम्बन्धी कल्याणकारी सेवामा सहजीकरण समेत गर्दै आएको छ ।

आन्तरिक रोजगारी सिर्जना तथा प्रर्वद्धन गर्न, रोजगारीका अवसरहरूको जानकारी उपलब्ध गराउन, श्रम बजारको माग बमोजिमको रोजगारमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्न, रोजगारीका सम्भावना तथा अवसरहरूको पहिचान गर्न, स्वरोजगारका अवसर एवम् सहुलियतपूर्ण कर्जाका प्रावधान सम्बन्धी जानकारी उपलब्ध गराउन, स्थानीय तहमा रहेका रोजगारदाताको प्रोफाइल निर्माण गर्न, रोजगार विनिमय सेवा, उद्यमशीलता विकास, सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई पुनः एकीकरण लगायतका विषयमा एकीकृत रूपमा सेवा प्रवाह गर्न, रोजगारीका अवसरमा विपन्न वर्गको पहुँच स्थापना गर्ने लगायतका कार्यका लागि रोजगार सेवा केन्द्रको अपरिहार्यता झल्कन्छ । सबै नागरिकलाई सुरक्षित, मर्यादित र उत्पादनशील रोजगारीका अवसर उपलब्ध गराउन तथा श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षाको प्रत्याभूति गर्न रोजगार सेवा केन्द्रको भूमिका महत्त्वपूर्ण रहने देखिन्छ ।

११. रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार

रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ६ बमोजिम रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः-

(क) स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गर्ने,

(ख) सूचीकृत बेरोजगार व्यक्तिलाई परिचयपत्र वितरण गर्ने,

(ग) स्थानीय तहभित्र उपलब्ध रोजगारीका अवसरहरूको पहिचान गरी सोको सूचना प्रवाह गर्ने,

(घ) स्थानीय तहभित्रको रोजगारीको सम्भाव्य स्थिति विश्लेषण गरी रोजगारीको तथ्याङ्क सङ्कलन गर्ने, रोजगार नक्साङ्कन गर्ने तथा रोजगारीका अवसरको अभिलेखाङ्कन गर्ने,

(ङ) रोजगारदाताका लागि श्रमिकको उपलब्धताको सम्भाव्यता जानकारी गराउने,

(च) रोजगारदाताबाट माग भए बमोजिम सूचीकृत बेरोजगार व्यक्तिलाई रोजगारीका लागि काममाजान सूचित गर्ने,
(छ) बेरोजगारहरूको ज्ञान, सीप, योग्यता, अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गर्ने,
(ज) आफ्ना कामकारवाहीको बारेमा नियमित रूपमा सम्बन्धित गाउँ कार्यपालिका तथा नगर कार्यपालिकामा प्रतिवेदन पेश गर्ने,
(झ) ऐन तथा यस नियमावली बमोजिम आफूले गरेका काम कारबाहीको सम्बन्धमा मन्त्रालयले तोकेको ढाँचामा श्रम मन्त्रालय र प्रदेशको रोजगारी सम्बन्धी विषय हेर्ने मन्त्रालयमा मासिक रूपमा प्रतिवेदन पठाउने,
(ञ) आफ्नो कार्यक्षेत्र भित्रबाट वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरूका लागि सूचना सम्प्रेषण गर्ने,
(ट) वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्बन्धी कार्यमा सहयोग पुर्याउने,
(ठ) बेरोजगार परिवारलाई प्रदान गर्ने निर्वाह भत्ता वितरण गर्ने,
(ड) सम्बन्धित स्थानीय तहमा रोजगारी तथा स्वरोजगारी सम्बन्धी कार्य गर्ने,
(ढ) अन्य सरकारी निकाय वा त्यस्ता निकायद्वारा सञ्चालित कार्यक्रमसँग समन्वय र सहकार्य गर्ने,
(ण) रोजगार सम्बन्धी सरोकारवालालाई अन्य सेवा प्रदान गर्ने।

१२. रोजगार सेवा केन्द्रको कार्यविवरणमा हुनुपर्ने सुधारका विषय

रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ६ बमोजिम तोकिएका रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकारका अतिरिक्त देहाय बमोजिमका अन्य कार्यहरू समेत तोकिनु आवश्यक रहेको छः-

(क) वैदेशिक रोजगार सम्बन्धी ठगीको प्रारम्भिक जाँचबुझ सम्बन्धी कार्य गर्ने,
(ख) श्रम अडिट सम्बन्धी कार्यमा सहजीकरण गर्ने,
(ग) बालश्रम र बाध्यकारी श्रम अन्त्य सम्बन्धी कार्य गर्ने,
(घ) वृत्ति विकास सहयोग सम्बन्धी कार्य गर्ने,
(ङ) रोजगार/श्रम विनिमय सेवा प्रदान गर्ने,
(च) सामाजिक सुरक्षा कोषको काममा सहजीकरण गर्ने,
(छ) वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको पुनः श्रम स्वीकृति सम्बन्धी कार्य गर्ने,
(ज) वैदेशिक रोजगार सम्बन्धी पूर्व प्रस्थान अभिमुखीकरण तालिम सञ्चालन गर्ने,

(झ) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, पुँजी, प्रविधिलाई श्रम सहकारीमार्फत उद्यमशीलता विकास एवम् प्रवर्द्धन गर्ने,
(ञ) श्रम मन्त्रालय मातहतको निकायबाट सञ्चालन गरिने सीप विकास तालिमहरू एकद्वार प्रणालीमार्फत रोजगार सेवा केन्द्रबाट सञ्चालन गर्नुपर्ने,
(ट) श्रम मन्त्रालयको तल्लो इकाईको रूपमा रहि तोकिएको अन्य कार्य गर्ने।

१३. रोजगार संयोजक र अन्य सहायक कर्मचारी सम्बन्धी व्यवस्था

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० बमोजिम प्रत्येक स्थानीय तह मातहत रहने रोजगार सेवा केन्द्रहरूमा रिक्त रोजगार संयोजकहरू (रा.प.तृ. श्रेणी, शाखा अधिकृत सरह) को पदपूर्ति गर्न रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५ अनुसार मन्त्रालयद्वारा मिति २०७५/१०/०४ गते पहिलो पटक र मिति २०७५/११/३० गते दोस्रो पटक दरखास्त आह्वान गरिएको थियो। रोजगार संयोजकको पदपूर्ति गर्न सो मापदण्डको दफा ३ (ग) बमोजिम १० हजार भन्दा बढी जनसङ्ख्या भएका स्थानीय तहमा राजपत्राङ्कित तृतिय श्रेणी, शाखा अधिकृत सरह र १० हजार भन्दा कम जनसङ्ख्या भएका स्थानीय तहमा रा.प. अनं प्रथम श्रेणी, नायव सुब्बा सरहको रोजगार संयोजकहरूको छनौट अनलाईन प्रणालीमार्फत गरी अन्तिम योग्यताक्रमको आधारमा स्थानीय तहमा पदस्थापन गरी कामकाजमा खटाइएको छ। रोजगार संयोजकहरू सङ्घीयता कार्यन्वयनको पहिलो चरणदेखि नै स्थानीय तहमा खटी रोजगार सेवा केन्द्रको स्थापना, सञ्चालन, व्यवस्थापन तथा मौलिक हकको रूपमा रहेको रोजगारीको हक, श्रम सम्बन्धी र सामाजिक सुरक्षा सम्बन्धी हकको कार्यान्वयनमा अहम् भूमिका निर्वाह गर्नुको साथै स्थानीय तहमा कर्मचारीको अभाव रहेको बेला कर्मचारीको कमी महसुस हुन नदिई महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्दै आईरहेको कुराले सङ्घीयतालाई थप सुदृढ र बलियो बनाउन समेत अहम् भूमिका निर्वाह गर्दै आएको छ। रोजगार सेवा केन्द्रको कार्यबोझमा वृद्धि भई कामकाजमा असहजता हुन थाले पछि सहायक स्तर पाँचौँ तहको रोजगार सहायक र प्राविधिक सहायक (सब-ईन्जिनियर) को दरबन्दी थप भई सो अनुसारको कर्मचारीहरूको पदपूर्ति गरी सेवा प्रवाह हुँदै आएको छ।

१४. रोजगार सेवा केन्द्र कर्मचारी हकहित मञ्चको परिचय

नेपालको संविधानको मौलिक हक अन्तर्गत रहेको श्रम तथा रोजगार सम्बन्धी हकलाई कार्यान्वयन गर्न निर्मित रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० (१) बमोजिम प्रत्येक स्थानीय तह मातहत रहने गरी रोजगार सेवा केन्द्रको स्थापना भएको छ। रोजगार सेवाको गठन, रोजगार सेवा केन्द्रको सुदृढीकरण र रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीहरूको सेवाको सुरक्षा एवम् वृत्ति विकासको लागि सेवा केन्द्रमा कार्यरत कर्मचारीहरूद्वारा स्थापित सँगठित संस्थाको रूपमा रोजगार सेवा केन्द्र कर्मचारी हकहित मञ्च रहेको छ। रोजगार सेवालाई विशिष्ट सेवाको रूपमा नेपालको तीन वटै तहको सेवा र

संरचनामा समावेश गराउन तथा श्रम बजारलाई चलायमान बनाउन नीतिगत, संरचनागत र कार्यगत रूपमा सहयोग गर्न, आवश्यक सल्लाह सुझाव आदानप्रदान गर्न तथा बहस पैरवी र वकालत गर्न सक्रिय संस्थाको रूपमा रहेको छ। श्रम तथा रोजगारी, उद्यमशीलता प्रवर्द्धन, निजी क्षेत्रको संलग्नता र गरिबी निवारणको क्षेत्रमा बहस, पैरवी, अध्ययन अनुसन्धान र असल अभ्यासहरूको प्रचारप्रसार गर्न समेत मञ्च सक्रिय रहेको छ । यस मञ्चलाई रोजगारीको क्षेत्रमा एउटा थिंक ट्यांकको रूपमा विकास एवम् विस्तार गर्न रणनीतिक सोंचका साथ योजनाबद्ध तवरले अगाडि बढाउँदै लगिनेछ । तसर्थ मुलुकमा रोजगारीका अवस्थामा व्यापक सुधार गर्न मञ्चले देहाय अनुसारका कार्यहरू अविलम्ब गरिनु पर्ने भनि आफ्ना मागहरूलाई अगाडि सारेको छ।

१. रोजगार सेवा केन्द्रको संस्थागत विकास, सुदृढीकरण र दायरा वृद्धि

क. नेपालको संविधानले प्रत्याभूत गरेको रोजगारी र श्रमको हकलाई व्यवहारमा कार्यान्वयन गर्न र मुलुकमा विद्यमान बेरोजगारीको अवस्थालाई सम्बोधन गर्न सङ्घीय र प्रादेशिक तहमा रोजगार सेवा केन्द्रको स्थापना गर्ने एवम् स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रलाई स्थायी संरचनाका रूपमा आन्तरिकीकरण गरीनुपर्ने।

ख. रोजगार सेवा केन्द्र रोजगार सेवा प्रवाह गर्ने पहिलो बिन्दुको रूपमा रहेकोले राज्य संरचनाका तीनवटै तहका रोजगार सेवा केन्द्रको संस्थागत विकास, सुदृढीकरण र रोजगारीसँग सम्बन्धित कार्यक्रम र रोजगारमूलक सेवाहरू एकीकृत रूपमा एकद्वार प्रणालीमार्फत रोजगार सेवा केन्द्रबाट प्रवाह गरीनुपर्ने।

ग. सुरक्षित आप्रवासन, पुनःएकीकरण, वैदेशिक रोजगारीसँग सम्बन्धी कल्याणकारी सेवाहरूको प्रवाह, पुनः श्रम स्वीकृति, पूर्वप्रस्थान अभिमुखीकरण तालिम लगायत सबै प्रकारका सेवाहरू रोजगार सेवा केन्द्रमार्फत नै सञ्चालन हुने गरी आवश्यक नीतिगत, कानूनी तथा संरचनागत व्यवस्था गरी केन्द्रको दायरा अभिवृद्धि गरीनुपर्ने।

२. विशिष्ट सेवाको रूपमा रोजगार सेवाको गठन

क. रोजगार सेवालाई विशिष्ट सेवाको रूपमा सङ्घीय निजामती, प्रदेश निजामती र स्थानीय सेवा ऐनमा समावेश गरी सो अन्तर्गत रोजगार समूह, व्यवसायिक एवम् उद्यम विकास समूह, गरिबी निवारण समूह जस्ता छुट्टै समूह र आवश्यकता अनुसारका उपसमूहहरू कायम गरी सोही अनुसारका रोजगार संयोजक, रोजगार सहायक, उद्यम विकास सहजकर्ता, व्यवसाय प्रवर्द्धन अधिकृत, प्रशिक्षक, रोजगार विज्ञ, आर्थिक विश्लेषक, बजार व्यवस्थापन अधिकृत, श्रम सम्बन्ध अधिकृत/सहजकर्ता, लगानी विश्लेषक जस्ता पदनामहरू कायम गरीनुपर्ने।

३. श्रम बजार व्यवस्थापन सूचना प्रणालीको विकास

क. श्रम बजारलाई सहज, पहुँचयोग्य र प्रविधिमैत्री बनाउन एकीकृत श्रम बजार व्यवस्थापन सूचना प्रणालीको यथाशीघ्र निर्माण गरी सञ्चालन गरीनुपर्ने।

ख. तीनै तहका रोजगार सेवा केन्द्रमार्फत श्रम र रोजगार विनिमय हुन सक्ने गरी रोजगारदाता र श्रमिकको सम्पर्क इकाईको रूपमा स्थापित गरिनुपर्ने।

४. सेवा केन्द्रका कर्मचारीको व्यवस्थापन, सेवाको सुरक्षा एवम् वृत्ति विकास

क. रोजगार सेवा केन्द्रको स्थापनादेखि केन्द्रमा कार्यरत रही रोजगारीको क्षेत्रमा अनुभव हासिल गरीरहेका जनशक्तिहरूको सेवाको सुरक्षा गरी वृत्ति विकासको बाटो खोलिनुपर्ने।

ख. कार्यरत जनशक्तिलाई थप क्षमता विकासका लागि रोजगारीसँग सम्बन्धित अधिस्नातक कार्यक्रम अध्ययनको व्यवस्था गरीनुपर्ने।

१५. रोजगार सेवाको गठन र व्यवस्थापनमा मञ्चको भनाइ

नेपालमा आन्तरिक रोजगारीका अवसरहरूको सिर्जना एवम् प्रवर्द्धन गर्न, दक्ष, सीपयुक्त, क्षमतावान्, प्रतिस्पर्धी र व्यवसायिक जनशक्तिको उत्पादन गर्न, वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषणरहित बनाउन, बालश्रम तथा बाध्यकारी श्रमलाई अन्त्य गर्न, श्रम बजारमा श्रम सुशासन र श्रम सम्बन्ध कायम गर्न, निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्न, हरित अर्थतन्त्र निर्माणमा सहयोग गर्न, सामाजिक सुरक्षाको प्रणालीगत विकास तथा विस्तार गर्न, रोजगार सेवा सहायता तथा श्रम/रोजगार विनिमय सेवा सञ्चालन गर्न, उद्यमशीलताको विकास र प्रवर्द्धन गरी स्वरोजगार बनाउन मदत पुग्नेछ। देशमा व्याप्त गरिबी, अशिक्षा, बेरोजगारीको समस्या समाधानमा समेत उल्लेख्य सहयोग पुग्नेछ। युवाहरूको वृत्ति विकासमा सहजता कायम हुनेछ। जसको परिणामस्वरूप गरिबी तथा बेरोजगारीमा कमी आउनुको साथै स्थानीय उत्पादनमा समेत वृद्धि भई आर्थिक विकासमा सहयोग पुग्नेछ। बालश्रम तथा बाध्यकारी श्रमको अन्त्य हुनेछ। निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा मर्यादित श्रम र उत्पादनशील रोजगारी सिर्जना गर्न समेत अपरिहार्य रहेको छ। रोजगारी बहुआयामिक र अन्तरसम्बन्धित विषय रहेकोले यसले बहुक्षेत्रमा असर र प्रभाव पार्न सक्ने भएको हुदाँ यसलाई सेवामा समावेश गर्नु अति आवश्यक छ। नेपालको बेरोजगारी समस्यालाई अन्त्य गर्नका लागि रोजगार सेवालाई दिगो, प्रभावकारी र व्यवस्थित बनाई रोजगार सेवामा सर्वसाधारणहरूको सहज पहुँच कायम गर्न जरुरी छ। त्यसैले रोजगार सेवा एक विशिष्ट प्रकारको सेवा रहेको र यसका लागि खास सीप सहितको योग्यता आवश्यक भएको छ। रोजगार सेवा केन्द्रमा हाल कार्यरत कर्मचारीहरुको स्थायित्व सहितको हित सुनिश्चितताका लागि वकालत गर्दै यो सेवालाई व्यवस्थित, अनुमानयोग्य र प्रभावकारी बनाई नागरिकलाई रोजगार विनियम प्रणालीप्रति आश्वस्त गराउदै श्रम र रोजगारीको मौलिक हकलाई व्यवहारमा कार्यान्वयनमा लैजान आवश्यक भएको छ।

१६. निष्कर्ष

मुलुकमा व्याप्त गरिबी र बेरोजगारीको समस्यालाई न्यूनीकरण गर्न रोजगारीका अवसरहरू सहज, पहुँचयोग्य, प्रभावकारी र प्रविधिमैत्री बनाउँदै श्रम सुशासन कायम गर्नु अनिर्वाय र पहिलो शर्तका रूपमा रहेको छ। जसका लागि स्वदेशमा नै रोजगारीका अवसरहरू सिर्जना एवम् वृद्धि गर्नु, उद्यमशीलता विकास एवम् प्रवर्धन गरी स्वरोजगार बन्ने वातावरण निर्माण गर्दै आर्थिक विकासमा समेत योगदान गर्न सक्ने गरी नेपालमा रोजगारमूलक कार्यहरूलाई

व्यवस्थित गर्नु अपरिहार्य भएको छ । साथै मुलुकको रोजगारीको मुख्य स्रोत नै वैदेशिक रोजगारी बनेकाका कारण ठूलो सङ्ख्यामा युवा श्रमशक्तिहरू वैदेशिक रोजगारमा जाने गरेकाले वैदेशिक रोजगारलाई सहज, सुरक्षित, व्यवस्थित, मर्यादित र शोषणमुक्त बनाउन ढिलो गर्नु हुदैन । बदलिँदो विश्व श्रम बजारको परिवेश अनुसार श्रम बजारमा प्रवेश गर्ने श्रमशक्तिहरूलाई आवश्यक बेरोजगार सेवा सहायता, श्रम/रोजगार विनिमय सेवा लगायत अन्य वृत्ति विकासका सेवाहरू उपलब्ध गराउनु पनि राज्यको मुख्य कर्तव्य रहेको छ । यस विषयलाई नेपालको संविधानले सुनिश्चत गरेको श्रम र रोजगार सम्बन्धी मौलिक हक र राज्यको नीति निर्देशक सिद्धान्त अन्तर्गत रहेको श्रम र रोजगार नीतिमा स्पष्ट उल्लेख छ । यस प्रकारको उच्च आवश्यकता रहेको विषयले खास आकार लिन नसक्नुमा रोजगार सेवासँग सम्बन्धित योगदानमूलक कार्यलाई विशिष्ट कार्यक्षेत्र र खास योग्यता एवम् सीप आवश्यक पर्ने सेवाको रूपमा आत्मसात गर्नमा भएको ढिलाई नै मुख्य रूपमा जिम्मेवार रहेको छ ।

हाल स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रको गतिशीलता र स्थायित्वका लागि समेत अपेक्षाकृत योगदान (intervention) हुन सकिरहेको छैन । नागरिकको दैलोको सरकारको रूपमा रहने स्थानीय सरकारले रोजगार सेवा केन्द्रमार्फत रोजगारीका बहुआयामिक अवसरहरूलाई उजागर गरी नेपालको आर्थिक सामाजिक रूपान्तरणमा ठोस योगदान दिलाउन रोजगार सेवालाई व्यवस्थित गराउनु अति जरुरी भएको छ । त्यसैले तीन वटै तहका सरकारी सेवामा विशिष्ट सेवाका रूपमा रोजगार सेवालाई समावेश गर्न गराउन सरकार, राजनीतिक दल, नागरिक समाज एवम् सम्बद्ध सम्पूर्ण पक्ष र सरोकारवालाले आआफ्नो क्षेत्रबाट कार्य गर्नुपर्ने हुन्छ । यो मञ्च संविधान प्रदत्त नागरिकको मौलिक हकको रूपमा रहेको रोजगारीको हकलाई व्यवहारमा कार्यान्वयनमा ल्याउन, श्रम सुशासन कायम गराउन र रोजगार सेवा केन्द्रलाई प्रभावकारी गराउन रोजगार सेवालाई सबै तहका सरकारी सेवाभित्र एक छुट्टै सेवा समूहको रूपमा स्थापित गर्न सबै सरोकारवालाहरूको ध्यानाकर्षण गर्दछ । यस प्रकारको विशिष्ट सेवामार्फत मात्रै सरकारी प्रयासका साथमा निजी क्षेत्र, अन्य गैरसरकारी क्षेत्र र नागरिक सहभागितालाई जोड्न सहज भई मुलुकमा व्याप्त गरिबी र बेरोजगारीको समस्यालाई ठोस रूपमा योगदान पुर्याउन सकिने हुँदा मञ्चले रोजगार सेवाको पैरवी गरेको हो, गरिरहनेछ ।

विभागीय प्रमुखहरूको विवरण



सुमन ज्ञवाली
संयोजक
संगठन विस्तार विभाग
९८६७०४५००३



नरमाया सुवेदी "माया"
संयोजक
आर्थिक मामिला विभाग
९८४७२६४०९५



सरोज कुमार खाती "सरोवर"
संयोजक
प्रशिक्षण तथा प्रचारप्रसार विभाग
९८५१२१९३३७



केशव दत्त पन्त
संयोजक,
अन्तर तह समन्वय विभाग
९८४९९३५०५५



ध्रुव प्रसाद लामिछाने
संयोजक
कानुन विभाग
९८५१२२२२६१



कृष्ण ज्ञवाली
संयोजक
अध्ययन तथा अनुसन्धान विभाग
९८४९३५३२६९



सिर्जना घिमिरे
संयोजक
अनुशासन तथा अनुगमन विभाग
९८४९५८६२०३

रोजगार सेवा केन्द्र कर्मचारी हकहित मञ्च

काठमाडौं, नेपाल

ईमेलः escerfnepal@gmail.com

सम्पर्क नः ९८५११८८२१०, ९८४१६३०२३६, ९८५७०७७२७५, ९८४५०९५२०६